प्रतिदिन १६ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

**जथाभावी औषधीको प्रयोग नगरौं**

- जथाभावी औषधीको प्रयोगले स्वास्थ्यमा गम्भिर समस्या देखिन सक्छ। त्यसैले,
- मान्यताप्राप्त चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाहविना औषधी सेवन नगरौं,
- बिरामी हुँदा घरमा बाँकि रहेका पुराना औषधी नखाऔं,
- अरूलाई सञ्चो भयो भन्दैमा देखासिकी गरेर सोही औषधीको प्रयोग नगरौं,
- सामान्य स्वास्थ्य समस्यामा एन्टिबायटिकको सेवन नगरौं,
- एन्टिबायटिक चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह अनुसार पुरा मात्रामा सेवन गरौं,
- म्याद नाघेका औषधीलाई जथाभावी नफालौं,
- जनावर तथा पशुपन्छीहरूलाई छिटो हुर्काउन वा तौल बढाउन एन्टिबायोटिकको प्रयोग नगरौं ।

नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष-१६ ।। अङ्क : ३१६ ॥ २०८१ पुष २२ गते सोमबार (6th Jan 2025 Monday) **Pratidin** National Daily मूल्य-रु.५/-

## अमृत माविमा पहिलो पटक दाता पुगेपछि.....




राजगढ(प्रस) । आर्थिक , सामाजिक र भौगोलिक हिसावले पछि परेको सीमावर्ती बाह्रदशीको अमृत माविमा दाताहरु न्यानो कपडा लिएर पुग्दा अधिकांश सीमान्तकृत समुदायका विद्यार्थीहरुमा हर्षको सीमा नै रहेन । पहिलो पटक दाताहरु आएको हुनाले न्यानो कपडा लिन विद्यार्थीहरु आतुर देखिए । यो जाडो मौसममा अधिकांश विद्यार्थीहरु स्वीटरबिना नै विद्यालय आएका थिए । धेरैको विद्यालय पोशाक च्यातिएको थियो भने खुट्टामा जुत्ता लगाउने कमै थिए । भारतीय सीमासंग जोडिएको बाह्रदशी १ को भागुडुब्बामा रहेको अमृत मावि जहाँ अधिकांश सीमान्तकृत , आदिवासी , जनजाति र मुस्लिम समुदायका विद्यार्थी पढ्छन् , सोही विद्यालयमा दाताहरु स्वीटर बाँड्न पुगेका थिए । जम्मा ४९६ जना विद्यार्थी अध्ययनरत रहेको त्यस विद्यालयमा दलित समुदायका ८८ , आदिवासी जनजाति समुदायका ३३० , बाहुन क्षेत्री समुदायका ३१ जना पढ्ने गरेको विद्यालयले जनाएको छ । सोही विद्यालयका विपन्न विद्यार्थीहरुलाई लीलामाया खड्का आदर्श फाउन्डेशनले न्यानो कपडा वितरण गरेको हो ।

गरिव तथा विपन्न वर्गका ४९६ जना विद्यार्थीलाई न्यानो कपडा वितरण गरिएको फाउन्डेशनकी संरक्षक शिखा खड्का गणेशले जानकारी दिइन् । लीलामाया खड्का आदर्श फाउन्डेशन , झापा एफसी, फ्रेन्जको सहयोगमा वितरण गरिएको न्यानो कपडा वितरणको कार्यक्रमको व्यवस्थापन सहारा नेपालले गरेको हो । विद्यालयका प्रधानाध्यापक रामबहादुर बुढाथोकीले आफ्नो विद्यालयमा वर्षौंपछि परोपकारी संस्थाले विद्यार्थीहरुलाई सहयोग गरेकोमा धन्यवाद व्यक्त गरेका छन् ।

एनएसएल टिम झापा एफसीका अध्यक्ष विक्रम खड्काले फाउन्डेशनमार्फत आफू जन्मेको हुर्केको ठाउँको विद्यालयमा परोपकारी काम गरेकोमा प्रअ बुढाथोकीले आभार प्रकट गरेका छन् ।

कार्यक्रमका प्रमुख अतिथि सहारा नेपालका कार्यकारी प्रमुख महेन्द्रकुमार गिरीले विपन्न विद्यार्थीलाई न्यानो कपडा वितरण गरेर फाउन्डेशनले ठुलो योगदान गरेको बताए । गिरीले हुनेले नहुनेहरुलाई सहयोग गर्न जरुरी रहेको धारणा व्यक्त गरेका छन् । उनले आगामी दिनमा पनि सामाजिक कामलाई निरन्तरता दिन आग्रह गरे ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भूमिराज थापाको अध्यक्षतामा भएको कार्यक्रममा पूर्व मन्त्री टेकनारायण राजवंशीलगायतले मन्तव्य राखेका थिए । कार्यक्रममा लीलामाया खड्कासहित फाउन्डेशन परिवारको सहभागिता रहेको थियो ।

बाह्रदशी गाउँपालिका १ भागुडुब्बामा राजवंशी, सन्थाल, मुसलमान र यादव जातिको बसोबास सदियौंदेखि पाइन्छ । दशकौंदेखि भौतिक अभाव झेल्दै आएका भागुडुब्बाबासीले २० को दशकसम्म शिक्षा आर्जन गर्न पाएका थिएनन् । गाउँमा शिक्षाको जग बसाउन समाजसेवी अग्रज स्व.अमृतलाल

❖ बाँकी तेस्रो पृष्ठमा

## विद्यार्थीलाई न्यानो कपडा र शैक्षिक सामग्री

झापा(प्रस) । लायन्स क्लव अफ बिर्तामोडले हल्दिवारी-२ का दुईवटा सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई न्यानो कपडा र शैक्षिक सामग्री वितरण गरेको छ । हल्दिवारी- २ स्थित राष्ट्रिय एकता प्राथमिक विद्यालयका ११० जना बालबालिकालाई जाडोका लागि न्यानो कपडा वितरण गरिएको हो । लायन्स क्लब अफ विर्तामोडका अध्यक्ष प्रदिप खरेलको अध्यक्षता तथा हल्दिवारी २ का वडा अध्यक्ष शुकलाल राजवंशीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा लायन्स लिडर पूर्व अध्यक्ष सत्यनारायण शर्मा ,सुरज रौनियार , विद्यालयका प्रधानाध्यापक द्वारिका सुवेदीले मन्तव्य राखेका थिए । लायन्स क्लव अफ बिर्तामोड सचिव घनेन्द्र खनालले कार्यक्रम संचालन गरेका थिए ।

त्यसैगरी हल्दिवारी वडा नं २ मै रहेको नव सृजना प्राथमिक विद्यालयका ७० जना विद्यार्थीहरुलाई शैक्षिक सामग्री वितरण गरिएको छ । लायन्स क्लब अफ विर्तामोडका अध्यक्ष प्रदिप खरेलको अध्यक्षता तथा विद्यालयका प्रधानाध्यापक भिम दाहालको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा पूर्व प्रधानाध्यापक भिमप्रसाद उप्रेती , लायन्स लिडर पूर्व अध्यक्ष सत्यनारायण शर्मा , सुरज रौनियार , संगीता रौनियारको आतिथ्य रहेको थियो । कार्यक्रमको संचालन लायन्स क्लब अफ विर्तामोडका सचिव घनेन्द्र खनालले गरेका थिए ।

## पूर्वमेयर शिवाकोटीसंग अदालतले लियो बयान



झापा(प्रस) । घरेलु कामदारको रुपमा राखिएकी १६ वर्षीया नाबालिकालाई जबरजस्ती करणी गरेको आरोपमा पक्राउ परेका बिर्तामोड नगरपालिकाका पूर्व नगर प्रमुख ध्रुवकुमार शिवाकोटीसंग झापा जिल्ला अदालतमा बयान लिइएको छ । आइतवार दिउँसो करिव ३ घण्टा शिवाकोटीसंग बयान लिइएको हो ।

उनीविरुद्ध शुक्रवार झापा जिल्ला अदालतमा अभियोग पत्र दायर गरिएको थियो । आइतवार बयानमा नै समय सकिएकाले थुनछेक बहस हुन पाएन । सोमवारदेखि बहस शुरु हुने जनाइएको छ । शिवाकोटीको पक्षमा अशोक पोखरेल , गजेन्द्र आचार्य , टंक उप्रेतीजस्ता कानुन व्यवसायीहरुले बहस गर्न लागेका छन् । शिवाकोटीको सो न्यायाधीश नवीनकुमार जोशीको ५ नं इजलासमा परेको छ ।

घरेलु कामदारको रूपमा राखिएकी नाबालिकालाई करणी गरेको आरोपमा प्रहरीले उनलाई पक्राउ परेकै दिनदेखि बीएण्डसी अस्पतालमा राखेको छ । स्वास्थ्यमा समस्या भएको देखिएपछि शिवाकोटीलाई अस्पतालमा भर्ना गरिएको थियो । प्रहरीले उनलाई गत मंसिर २४ गते पक्राउ गरेको थियो ।

## झापामा सवारी दुर्घटनामा दुईजनाको मृत्यु

झापा(प्रस) । झापाको बिर्तामोड ८ मा मोटरसाइकलको ठक्करबाट एकजनाको मृत्यु भएको छ । शनिवार साँझ ६.३० बजे बिर्तामोड ८ को देउनियाबाट सुकुमवासी टोल जाने भित्री सडकखण्डमा बा ७५ प ९११५ नम्बरको मोटरसाइकलको ठक्करबाट सोही ठाउँका ५३ वर्षीय चित्रहाङ श्रेष्ठ घाइते भएका थिए । दुर्घटनापछि



दुबै पक्षको सहमतिमा उपचारको लागि कहिकतै नगई श्रेष्ठ घरतर्फ गएको भनी बुझिएको छ । आइतवार बिहान आफ्नै घरको सुत्ने कोठामा सुतिरहेको अवस्था उनी मृत फेला परेका थिए । दुर्घटना गराउने मोटरसाइकल र मोटरसाइकल चालक बिर्तामोड ८ बस्ने २५ वर्षीय बुद्ध बस्नेतलाई इलाका प्रहरी कार्यालय बिर्तामोडले नियन्त्रणमा लिएको छ ।

यसैबीच प्रादेशिक अस्पताल भद्रपुरले घाइते श्रेष्ठको निमोनियाका कारण मृत्यु भएको रिपोर्ट दिएपछि मृतकका आफन्तहरु आक्रोशित भएका छन् । उनीहरुले सही रिपोर्ट नदिएसम्म शव नबुझ्ने अडान लिएका छन् । चिकित्सकले पूर्णरुपमा जाँच नगरी सो रिपोर्ट दिएको हुनसक्ने भन्दै अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. रामबाबु खड्काले दुर्घटनाबाट मृत्यु भएको रिपोर्ट प्रहरीलाई उपलब्ध गराइने जानकारी दिए । श्रेष्ठको टाउकोमा चोट लागेको देखिएको छ ।

त्यस्तै काँकडभिट्टामा भारतीय स्कोरपियो गाडीको ठक्करबाट एक पैदलयात्री महिलाको मृत्यु भएको छ ।

शनिवार साँझ ५.३० बजे मेचीनगर नगरपालिका वडा नम्वर -६ फाईरिङ चोकस्थित पूर्वपश्चिम राजमार्गमा इटाभट्टाबाट भारतको पानीट्यांकीतर्फ जाँदै गरेको डब्लुबी ७४ बीएन ६८८५ नम्बरको स्कोरपियो गाडीले मेचीनगर नगरपालिका ६ साठीबिघा बस्ने अन्दाजी ५८ वर्षीया माला थापालाई बाटो क्रस गर्ने क्रममा ठक्कर दिएको थियो ।

घाइते थापालाई उपचारको लागि चालक भारत पानीट्यांकी बस्ने २१ वर्षीय विकास बिष्ट आफैले गाडीमा हालेर बिर्तासिटी अस्पताल बिर्तामोडमा भर्ना गरेका थिए । ती महिलाको उपचारका क्रममा राति १०.३५ बजे मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ । गाडी र चालकलाई इलाका प्रहरी कार्यालय बिर्तामोडले नियन्त्रणमा लिएको छ ।

## कुकुर सवारी दुर्घटनाको कारण बन्दै

• **लक्ष्मी उप्रेती**

मेचीनगर । झापा भद्रपुरका निश्चल राजभण्डारीको सवारी दुर्घटनामा परी काठमाण्डौमा मृत्यु भयो । भक्तपुरको सानो ठिमीमा चार दिनअघि भएको स्कुटर दुर्घटनामा परी गम्भीर घाइते भएका राजभण्डारीको उपचारका क्रममा मृत्यु भएको हो । बाटो काट्दै गरेको कुकुरलाई बचाउने क्रममा स्कुटर अनियन्त्रित भएर श्रीमतीसहित उनी दुर्घटनामा परेका थिए ।



नेकपा एमाले बुद्धशान्ति गाउँ कमिटीका अध्यक्ष नेत्रप्रसाद रिजाल पुष १३ गते साँझ ५बजे आफैले चलाएको मोटरसाइकल दुर्घटनामा परी घाइते भए । सडकमा अचानक कुकुरले बाटो काट्दा सो दुर्घटनामा भएको थियो ।

मेचीनगरको भूमि शाखामा कार्यरत कर्मचारी सरोज अधिकारी सवार मोटरसाइकलमा अचानक कुकुर ठोक्किन आइपुग्दा ठूलो दुर्घटना भयो । तर, जसोतसो उनको ज्यान जोगियो । चार दिन अस्पताल बसेर मेजर शल्यक्रियापश्चात् उनी घर फर्किए ।

मेचीनगर नगरपालिका नगर प्रमुखको सचिवालयका स्वकीय सचिव आशिष पौडेल केही महिनाअघि दुर्घटनामा परे । अस्पताल बसेर हातको शल्यक्रिया गरेर फर्किए । केही दिन अघिमात्र कुकुरकै कारण मेचीनगर–१२ सहरेडाँगीका तीर्थ घिमिरे पूर्वपश्चिम लोकमार्गको बिर्तामोडस्थित बुट्टावारीमा दुर्घटनामा परी गम्भीर घाइते भए । मेचीनगर–४ को बाहुनडाँगीबाट काँकरभिट्टातर्फ आउँदै गर्दा एकजना सञ्चारकर्मी पनि कुकुरकै कारण दुर्घटनामा परेका थिए । यी माथिका सडकमा सवारी चलाउँदा कुकुरसँग ठोक्किएर हुने सवारी दुर्घटना र त्यसबाट हुने क्षतिका प्रतिनिधि घटनामात्र हुन् । हरेक वर्ष कुकुरकै कारण हुने सवारी दुर्घटनाबाट धनजनको ठूलै क्षति हुने गरेको छ । दुई पाङ्ग्रे मात्र होइन, चार पाङ्ग्रे सवारी साधनसमेत बेला बखत कुकुरसँग ठोक्किएर दुर्घटना हुने गरेको ट्राफिक प्रहरीको भनाई छ । चार पाङ्ग्रे सवारी साधन कुकुरसँग ठोक्किएपछि उनीहरु बीमाका लागि प्रहरीसँग कागजात बनाइदिन भन्दै आउने गरेका छन् । यो बर्षमा मात्र ४५ वटा सिफारिस बनाइदिएको प्रहरीको भनाई छ । विज्ञहरुका अनुसार चालकको लापरवाही, क्षमताभन्दा बढी यात्रु बोक्ने प्रवृति र यात्रुको पनि असावधानीजस्ता मानवीय त्रुटि नेपालमा हुने अधिकांश सडक दुर्घटनाको मुख्य कारण हुन् । पछिल्लो समय भने सडकमा हिड्ने कुकुरसमेत दुर्घटनाको कारण बनेको ट्राफिक प्रहरी नायव निरीक्षक पूर्ण गौतमको भनाई छ ।


'कुकुरसँग ठोक्किएका घटना थुप्रै छन्' ट्राफिक प्रहरी नायव निरीक्षक गौतमले भने' तर,यसबाट मानवीय क्षति कम हुन्छ। यदि तीब्र गतिमा सवारी साधन चलाएको छ भने मानिसको मृत्यु पनि हुन सक्छ ।'

सामुदायिक कुकुरसमेत दुर्घटनाको कारण बन्दैं गएका छन् । यस्ता कुकुरहरुको नियन्त्रणमा लाग्नुपर्ने स्थानीय भरतकृष्ण थापाको भनाई छ । बेलैमा यस्ता कुकुर नियन्त्रण नगरे अझ ठुल्ठुला दुर्घटना हुने र त्यसबाट ठूलो मात्रामा धनजनको क्षति बेहोर्न बाध्य हुनुपर्ने भएकाले त्यसतर्फ सम्बन्धित निकायको ध्यान जान जरुरी रहेको थापाले औल्याएका छन् ।

**प्राणघातक स्तन क्यान्सरबाट बचौं**

**स्तन क्यान्सरका लक्षणहरू**

- **स्तन वा काखीमुनि नदुख्ने गिर्खा वा गाँठो देखिनु,**
- **स्तनको छालामा निको नहुने घाउ आउनु,**
- **स्तनको आकारमा परिवर्तन हुनु,**
- **स्तनको छाला सुन्तलाको बोक्राजस्तो हुनु,**
- **स्तनको मुन्टा भित्रतर्फ जानु,**
- **स्तनको मुन्टाबाट रगत वा पीप बग्नु,**
- **स्तन दुख्नु वा सुन्निनु,**
- **यस्ता कुनै पनि लक्षण देखिए तुरून्तै चिकित्सकसंग परामर्श गरौं**




**झापा गाउँपालिकाको कार्यालय**

टाँघनडुब्बा, झापा

# भीम रावलले पूर्वमा शक्ति जुटाउँदै

झापा(प्रस) । नेकपा एमालेले कारबाही गरेपछि वैकल्पिक शक्ति निर्माणको तयारीमा जुटेका भीम रावलप्रति झापाका धेरैजना आकर्षित भएका छन् ।

स्वतन्त्र र पार्टीबाट असन्तुष्ट बनेका झापाको ठूलो जमातले सुनसरीमा गएर रावललाई भेटेका छन् । रावल सुनसरीमा भरौल भेट्रान क्लबले आयोजना गर्ने भनिएको अन्तर्राष्ट्रिय आमन्त्रण भरौल भेट्रान गोल्डकप फुटबल प्रतियोगिताको उद्घाटन गर्न आएका थिए । तर, त्यो कार्यक्रम नभएपछि उनले बराहक्षेत्रकै एक होटलमा विभिन्न पार्टीबाट असन्तुष्ट भएकाहरूलाई भेटेका थिए ।

झापाबाट एमालेका असन्तुष्ट नेता कार्यकर्ता , दुर्गा प्रसाईका समर्थक, एकीकृत समाजवादीका नेता कार्यकर्ता , वीपी कांग्रेसका कार्यकर्ता र राष्ट्रिय स्वतन्त्र पार्टीका कार्यकर्ता रावललाई भेट्न सुनसरी गएका हुन् । समूह-समूह बनाएर उनीहरुले रावललाई भेट गरेको सम्पर्क व्यक्तिको रुपमा काम गरिरहेका डम्बर गिरीले जानकारी दिए । झापाबाट डम्बर गिरी , श्याम पाठक , गोपी गिरीजस्ता व्यक्तिहरु रावलको पक्षमा खुलेरै लागेका छन् । त्यस्तै नरेश खरेल , शेरबहादुर थापा , भीम अधिकारी , जीवनकुमार श्रेष्ठ , दुर्गा भट्टराईलगायतसंग सम्पर्क भइरहेको बताइन्छ । एमालेका असन्तुष्ट , स्वतन्त्र रहेका , पुराना बामपन्थी ,एकीकृत समाजवादीका कार्यकर्ताहरु बढी रावलप्रति आशावादी देखिएका हुन् । उनीहरुले पहिला स्पष्ट राजनीतिक गन्तव्य निर्माण गर्न आग्रह गरेका छन् । रावल झापा आउने कार्यक्रम रहेको थियो । उनको कार्यक्रम भद्रपुरमा राखिएको थियो । तर, भद्रपुर नगरपालिकाकी पूर्व उपप्रमुख चन्द्रा श्रेष्ठको छोराको निधनका कारण रावल झापा आउने कार्यक्रम स्थगित भएको बताइएको छ ।

कार्यक्रम सहभागी भएका नेकपा एकीकृत समाजवादी सुनसरी जिल्लाका सचिवालय सदस्य गोकुल थापाकाअनुसार बराह क्षेत्रमा भएको कार्यक्रममा २ सय बढी कार्यकर्ता रहेका थिए । 'धेरै एमालेका असन्तुष्टहरू थिए,' उनले भने ' झापादेखि समेत आएका थिए ।'

एमालेको दबाबमा फुटबल प्रतियोगिता भने स्थगित भएको थियो । 'एमालेले कारबाही गर्नुभन्दा अगाडि नै उहाँलाई प्रमुख अतिथि बनाएका थियौं,' क्लबका एक पदाधिकारीले भने 'तर, एमालेको दबाब भएपछि कार्यक्रम रोकेका हौ ।'प्रतियोगिता भने २२ पुषका लागि सरेको क्लबले जनाएको छ । उद्घाटन सरेपछि आयोजक क्लबका पदाधिकारी विमल कार्कीलगायतले नै होटलमा रावललाई लगेका थिए । कार्की असन्तुष्ट एमाले हुन् । त्यहाँको कार्यक्रमपछि उनी धरानमा गएका थिए ।

धरानमा एमालेका केही कार्यकर्तालाई रावलले भेटेका थिए । २०७९ को निर्वाचनमा एमालेबाट विद्रोह गरेर सुनसरी १ बाट प्रतिनिधिसभाका उम्मेदवार बनेका मनोजकुमार मेयाङ्बोको समूहलाई उनले भेटेका थिए ।

बराहक्षेत्रमा भएको कार्यक्रममा भने ऋषि ढुंगाना, केशव मैनाली, अर्जुन कोइराला, राजन कार्कीलगायतका नेतासँग उनले भेटघाट गरेका थिए । पूर्व बराह नगर कमिटी अध्यक्ष गजेन्द्र थापा पनि कार्यक्रममा पुगेका थिए ।

धरानपछि रावलले इटहरीमा भेटघाट गरेका छन् । उनले इटहरीको सोल्टी होटलमा भेटघाट गरेका थिए । मातृभूमि जागरण अभियानको सन्दर्भमा कोशी प्रदेशका पूर्व मुख्यमन्त्री राजेन्द्र राई,विश्वविजेता धावक निमेष गुरुङ ,समाजवादीका युवा नेता वसिम आलमले आइतवार रावलसंग भेटघाट गरेको जनाइएको छ ।

# संचालकले ऋण नखाए सहकारीको समस्या समाधान हुन्छ -गिरी



झापा(प्रस) । राष्ट्रिय सहकारी बैंकका अध्यक्ष महेन्द्रकुमार गिरीले संचालक समिति र लेखा समितिका व्यक्तिहरुले ऋण नखाने हो भने सहकारीको असी प्रतिशत समस्या समाधान भएर जाने बताएका छन् । बचत तथा ऋणको कारोबार गर्ने सहकारीहरुमै बढी समस्या देखिएको भन्दै उनले संचालकहरुकै कारण झापाका केही सहकारीहरु अप्ठ्यारोमा परेको धारणा राखेका छन् । बचत तथा ऋण सहकारी संघ लि. झापाको १३ औं वार्षिक साधारण सभालाई कन्काईको दुर्गापुरमा उद्घाटन गर्दै उनले भने ,'झापाका धेरै सहकारीहरु बिग्रेका छैनन् ,२-४ वटा मात्र बिग्रेका छन् ।' नेताहरुलाई ऋण नदिँदा काठमाण्डौजस्तो भयावह अवस्था झापामा नरहेको उनको भनाई छ । 'दुई-चारजना नेताले बिरिङ खोला किनारको जग्गा राखेर सहारामा ऋण खान खोजेका थिए' सहारा नेपाल साकोसका प्रमुख कार्यकारी अधिकृतसमेत रहेका गिरीले भने,' त्यसमा लोभिएको भए सायद म पनि जेल जान्थे होला । ' उनले सरकारले ल्याएको अध्यादेशलाई सुधार गर्न सडकदेखि सदनसम्म आवाज उठिरहेको भन्दै अध्यादेशका केही बुँदा सहकारीको हितमा नदेखिएको बताए । जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष तुलाराम न्यौपानेको अध्यक्षता एवं राष्ट्रिय सहकारी बैंकका अध्यक्ष गिरीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा जिल्ला सहकारी संघका लेखा सुपरीवेक्षण समितिका संयोजक चुडामणि ओझा, बिर्तामोड नगरपालिकाका सहकारी विभाग प्रमुख मोहन सुवेदीलगायतले शुभकामना मन्तव्य राखेका थिए । बचततर्फ उत्कृष्ट कारोबार गर्ने झापा गाउँपालिकास्थित पाथीभरा बचत तथा ऋण सहकारी संस्था र कर्जातर्फ बिर्तामोड ४ स्थित जनशक्ति बचत तथा ऋण सहकारी संस्थालाई पुरस्कृत गरिएको थियो । त्यस्तै राष्ट्रिय सहकारी बैंकका अध्यक्ष गिरी, बचत तथा ऋण सहकारी संघ कोशी प्रदेशका वरिष्ठ उपाध्यक्ष चन्द्रा खड्का भट्टराई र कोषाध्यक्ष विश्वेश्वरप्रसाद भट्टराईलाई सम्मान गरिएको थियो ।

बचत तथा ऋण सहकारी संघ झापाका वरिष्ठ उपाध्यक्ष उपेन्द्रप्रसाद ओलीले स्वागत गरेको कार्यक्रमको संचालन सचिव यामकुमार चुडालले गरेका थिए । त्यस अवसरमा वीपी भट्टराईले लेखेको सामान्य सहकारी नामक पुस्तक विमोचन गरिएको थियो । जसको बारेमा लेखक तथा पत्रकार सन्तोष आचार्यले टिप्पणी गरेका थिए । बचत तथा ऋणको कारोबार गर्ने १५९ वटा सहकारी सो संघमा आवद्ध रहेका छन् ।

# भाक्का उत्सवमा भाक्का खानेको भीड

झापा(प्रस) ।पूर्वेली मजदुर यातायात प्रालि र बन्दगी युवा परिवारले बिर्तामोड- ३ सैनिकमोडको विराट सहकारी भवन अगाडि आयोजना गरेको भाक्का उत्सवमा भाक्का खानेहरुको भीड लाग्यो । चिसो मौसममा स्वादिष्ट तातो भाक्काको स्वाद लिन बिहानैदेखि भीड जम्मा भएपछि भाक्का बनाउने महिलाहरुलाई भ्याई न भ्याई थियो । बालबालिकादेखि बयस्क र वृद्ध उमेर समूहका मानिसहरु भाक्काको स्वादमा रमाइरहेका थिए । उत्सवमा जनप्रतिनिधि , पार्टी प्रतिनिधि, विभिन्न संघ संस्थाका प्रतिनिधि , सुरक्षाकर्मी र सर्वसाधारण गरी सयौं सहभागी थिए । विराट सामुदायिक सिकाई केन्द्र र हिमालय एभरेष्ट इन्सुरेन्स प्रालिको सहयोगमा आठौ राष्ट्रिय भाक्का दिवसको अवसरमा सो उत्सव गरिएको पूर्वेली मजदुर यातायात प्रालिका अध्यक्ष हरि बास्कोटाले बताए । उनले ८५ केजी चामलको पिठोको भाक्का बनाएर वितरण गरिएको जानकारी दिए । केराको पातमा भाक्कासंगै टमाटर र धनियाको अचार सहभागीहरुलाई खुवाइएको थियो । भाक्का बनाउन करिव १० जना महिला खटिएका थिए भने त्यति नै संख्यामा वितरण गर्न स्वयंसेवक परिचालन भएका थिए ।

बन्दगी युवा परिवारका अध्यक्ष धनसिंह राजवंशीको अध्यक्षता तथा बिर्तामोड ३ का वडाध्यक्ष मदन बुढाथोकीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा मौलिक परिकार भाक्का र भाक्का व्यवसायको प्रवर्द्धनका बारेमा मेची क्याम्पसका पूर्व क्याम्पस प्रमुख उमानाथ ओली , नेकपा एमालेका बिर्तामोड नगर अध्यक्ष सुवास भट्टराई , पत्रकार इन्द्रसिंह राजवंशीले बोलेका थिए । कार्यक्रममा बिर्तामोड ७ का वडाध्यक्ष अविरल कृष्ण खरेल , जनप्रतिनिधिहरु शर्मिला राजवंशी , जगतबन्धु राजवंशी , लक्ष्मी रोक्का , विराट बहुउद्देश्यीय सहकारी संस्थाका प्रबन्धक रुद्र सिटौला , जिल्ला ट्राफिक प्रहरी कार्यालयका इन्चार्ज गणेश पौडेल, बिर्तामोड नगर अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. सुनिल अधिकारीलगायतको उपस्थिति रहेको थियो । प्रविण राजवंशीले स्वागत गरेको कार्यक्रमको संचालन पूर्वेली मजदुर यातायात प्रालिका अध्यक्ष हरि बास्कोटाले गरेका थिए । पूर्वी तराईका राजवंशी, ताजपुरिया,गनगाईलगायतका आदिवासी जातिको मौलिक परिकार भाक्कालाई प्रवर्द्धन गर्नका लागि शुरु गरिएको भाक्का दिवसका अवसरमा विभिन्न ठाउँमा कार्यक्रम आयोजना गरिएको हो ।

त्यस्तै अभय राजवंशी नेतृत्वको राजवंशी समाज विकास समितिले पुष २९ गते बिर्ताबजारस्थित डोमालाल राजवंशी रंगशालामा भाक्का दिवस आयोजना गर्ने भएको छ । कार्यक्रममा नेपाली राष्ट्रिय क्रिकेट टोलीका खेलाडी ललित राजवंशीलाई सम्मान गर्ने बताइएको छ । त्यस्तै उत्तम राजवंशी जिल्ला अध्यक्ष रहेको अर्को राजवंशी समाज विकास समितिले एकदिन अगावै पुष २८ गते भद्रपुरमा भाक्का उत्सव गर्ने जनाएको छ ।

# गौरवशाली साकोसको शेयर पुँजी करोड नजिक

बिर्तामोड(प्रस) । पन्ध्र वर्षअघि करिव ८ लाखबाट शुरु गरेको बिर्तामोड ५ स्थित गौरवशाली बचत तथा ऋण सहकारी संस्थाले आफ्नो शेयर पुँजी एक करोड नजिक पुर्याएको छ । संस्थाले यस वर्ष ९४ करोड ३४ लाख २०० रुपैयाँ शेयर पुँजी पुर्याएको हो । शनिवार आयोजित १५ औं वार्षिक साधारण सभामा प्रगति प्रतिवेदन प्रस्तुत गर्दै अध्यक्ष लवकुमार चौधरीले आगामी वर्ष २० लाख शेयर पुँजी बढाउने लक्ष्य रहेको जानकारी दिए । उनले हाल शेयर सदस्य १७०१ जना रहेकोमा त्यसलाई आउँदो वर्षसमेत विस्तार गर्ने क्रमलाई निरन्तरता दिने बताए । यस वर्ष संस्थाले खुद नाफा ६ लाख ५३० रुपैयाँ कमाउन सफल भएको उनको भनाई छ । संस्थाका अध्यक्ष लवकुमार चौधरीको अध्यक्षता तथा बचत तथा ऋण सहकारी संघ कोशी प्रदेशका




बरिष्ठ उपाध्यक्ष चन्द्रकला खड्का भट्टराईको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा स्वागत मन्तव्य उपाध्यक्ष युवराज विमलीले राखेका थिए । कार्यक्रममा लेखा समितिका संयोजक नथुनीप्रसाद साहले लेखा समितिको प्रतिवेदन प्रस्तुत गरेका थिए ।

कार्यक्रममा असल ऋणी विकास चौधरी, अनिताकुमारी राजवंशी र रेशकुमार आङबुहाङ, असल बचतकर्ताहरु सन्तोषकुमार गुप्ता, सरोज भण्डारी, रिना सुवेदी, प्रिती राजवंशी, विरला चौधरी तथा ज्येष्ठ नागरिक दुनसरी चौधरीलाई सम्मान गरिएको थियो । त्यसैगरी उत्कृष्ट कर्मचारीको रुपमा अनिता चौधरी सम्मानित हुँदा साहसी महिलाका रुपमा संस्थाकी सचिव मिरा कार्की खड्कालाई सम्मान गरिएको थियो । उनले यसै वर्ष सफलतापूर्वक हिमाल आरोहण गरेकी थिइन् । त्यस्तै कर्मचारी किरण थारुलाई कर्म विद्या पुरस्कार प्रदान गरिएको थियो । त्यस्तै उत्कृष्ट बालबचतकर्ताहरु साइरा चौधरी र अनमोल यादवलाई सम्मान गरिएको थियो भने शेयर सदस्यका छोराछोरीमध्ये एसईईमा उत्कृष्ट अंक ल्याउने मिनाक्षी राई र प्राची देवलाई पुरस्कृत गरिएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि भट्टराई, बचत तथा ऋण सहकारी संघका बिर्तामोड प्रतिनिधि बिनोद न्यौपाने, नेपाल उद्यमशील महिला संघ झापाकी अध्यक्ष पार्वता खरेल विमली, नयाँ उज्यालो बचत तथा ऋण सहकारी संस्थाकी अध्यक्ष सुष्मा पौडेल, अनारमनी आधारभूत विद्यालयका प्रधानाध्यापक टंक कटुवाल, संस्थाका सल्लाहकार पुष्पलाल चौधरी, माँ लक्ष्मी बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष देवेन्द्र सिंहलगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन संस्थाका सचिव मिरा कार्की खड्काले गरेकी थिइन् ।

## ०८४ मा...

रहेको बताए ।

सांसद शर्माले झापा क्षेत्र नं. १ मा करिव ५० वटा जति योजनाहरुको बजेट ल्याएर काम भइरहेको बताए ।

उनका अनुसार कुनै सकिए, कुनै अधुरो र कुनै धमाधम काम भइरहेको छ ।

समग्रमा देश विकास नहुनुमा स्थिर सरकार नभएका कारण भएको बताउँदै उनले स्थिर सरकारका लागि दुई कार्यकाल मात्र प्रधानमन्त्री रहन पाउने गरिको संविधान संशोधन गर्नु पर्ने बताए ।

उनले भने-'विदेशी नियमको व्याख्या गरेका छन् । पपुलर र प्रत्यक्षमा धेरै सिट ल्याउने पहिलो दललाई अपुग अर्थात केहि रहेका सिट दिने र पहिलो दलको प्रधानमन्त्रीले पाँच वर्ष सरकार चलाउने । प्रधानमन्त्रीले २ वर्षमा विश्वासको मत लिने । नियमको दश वटा इन्डिकेटर पुरा गरे ।विश्वासको मत पाउने र पाँच वर्ष सरकार चलाउन सक्ने हुनु पर्छ ।'

उनले सहकारी ठग्ने जो कोहिलाई कानूनले नछाड्ने बताए । उनका अनुसार विश्वप्रकाशले गल्ती गरे वा भ्रष्टाचार गरे जुलुश लाउने होइन कानूनले दण्ड दिन्छ । चुनाव जितेपछि हरेक महिना झापा क्षेत्र नं. १ आएका उनले ०८१ सालसम्म महिनामा एकचोटी आउने र ०८२ सालदेखि दुई महिनामा एकचोटी झापा आउने सुनाए ।

कार्यक्रममा कांग्रेसकी केन्द्रीय सदस्य गोमा भट्टराई, कोशी प्रदेश समिति सदस्यद्वय विमल आचार्य, शोभा नेम्बाङ, महासमिति सदस्य राम कट्टेल, झापाका सभापति देउमान थेवे, नगर सभापति सुदय पनेरु, बुद्धशान्ति गाउँपालिका-४ का वडाध्यक्ष एवम् कांग्रेस वडा सभापति शेरबहादुर रायाँलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

कांग्रेस क्षेत्रीय समिति झापा क्षेत्र नं. १ का सभापति इन्द्रबहादुर बुढाथोकीले भेलाको औचित्यमाथि प्रकाशसहित अध्यक्षता गरेको कार्यक्रमको स्वागत उपसभापति सन्तोष न्यौपाने र सञ्चालन सचिवद्वय गुणराज भट्टराई (राजन) र सुरेन्द्र बुढाथोकीले संयुक्त रुपमा गरेका थिए ।

# फर्निचर तथा फर्निसिङ व्यवसायीहरु पलायन हुने अबस्थामा



बिर्तामोड(प्रस) । नेपालका फर्निचर तथा फर्निसिङ व्यवसायीहरु पलायन हुने अबस्थामा पुगेका छन् । विगतको तुलनामा निकै फड्को मारेपनि भन्सार शुल्क, वनको लिलामी प्रक्रिया, विदेशी फर्निचरको आयात र भारतीय कामदारमाथि निर्भर रहनुपर्ने अवस्थाका कारण उनीहरु समस्यामा परेका हुन् । झापाको बिर्तामोडमा आयोजित नेपाल फर्निचर तथा फर्निसिङ ब्यवसायी महासंघको १० औं बार्षिक साधारण सभामा सहभागी व्यवसायीहरुले आफ्ना समस्या सुनाएका थिए । देशभरका फर्निचर तथा फर्निसिङ व्यवसायीहरुले करिव ५० अर्ब रुपैयाँ व्यवसायमा लगानी गरेका छन् । उनीहरुले ९० प्रतिशत माग धानिरहेका छन् । तर, वार्षिक १५ अर्ब रुपैयाँको फर्निचर विदेशबाट आयात हुने गरेको छ । कच्चा पदार्थ आयात गर्दा ३० प्रतिशत भन्सार शुल्क तिर्नुपर्ने , विदेशी फर्निचर आयात हुँदा आफ्ना उत्पादनले बजार मूल्य नपाउने , दक्ष घरेलु कामदार नहुँदा भारतीय कामदारमाथि निर्भर रहनुपर्ने , एउटै जिल्लामा पुरानो घर खरिद गरेर एक ठाउँबाट अर्को ठाउँमा लैजान नपाउनेजस्ता समस्या भोगिरहेको उनीहरुको भनाई थियो । महासंघका अध्यक्ष युवराज पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल उद्योग बाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष हेमराज ढकालको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा प्रमुख अतिथि ढकाल, नेपाल उद्योग बाणिज्य महासंघका केन्द्रीय सदस्य उमेश डालमिया, बिर्तामोड नगरपालिकाका नगर उप-प्रमुख नगेन्द्रप्रसाद संग्रौला, होटल ब्यवसायी महासंघका उपाध्यक्ष डिबी गौतम, चेम्बर अफ कमर्सका केन्द्रीय सदस्य तथा झापा अध्यक्ष ओमकृष्ण बिमली, बिर्तामोड उद्योग बाणिज्य संघका अध्यक्ष राजु न्यौपाने, फर्निचर तथा फर्निसिङका मधेश प्रदेश अध्यक्ष बिनोद महत, संघका झापा अध्यक्ष रोहित आचार्यलगायतले आ-आफ्नो भनाई राखेको महासंघका द्वितीय उपाध्यक्ष खगेन्द्र खरेलले जानकारी दिए । कार्यक्रमको सञ्चालन महासंघका महासचिव छबिलाल गैरेले गरेका थिए ।

## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

## १५ दिने सूचना

सधियार पूर्वः श्री विमल भट्टराईको नाममा जारी गरिएको ।

साविक चारपाने गाविस वडा नं. १ हाल बिर्तामोड नगरपालिका, वडा नं. १ बस्ने श्री गणेश उप्रेती र चिन्ता देवी ओलीले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखीकरण प्रमाणपत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा १ | १ | ५१४६<br>५१४८ | ०-०-०५<br>०-०-०२ | २०७९/ १२ /१७ | २०७९/ १२ /१७ | २०८१/ ०९/१४ |




नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# पूर्वराष्ट्रपतिको राजनीति मोह

केही समयअगाडि पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी पार्टी र राजनीतिमा आउने चर्चा थियो । तर, त्यो त्यतिकै सेलायो । फेरि त्यस किसिमको चर्चा चल्न थालेको छ । पार्टी र राजनीतिमा प्रवेशको संकेतले नेपाली राजनीति एकपटक पुनः चर्चाको केन्द्रमा छ। मठमन्दिरहरूको भ्रमणको सिलसिलामा नेता तथा कार्यकर्ताहरूसँगको भेटघाट र देशदौडाहाले उनी पार्टीमा सक्रियताका लागि कार्यकर्ताको मनोभाव र जनाधार बुझिरहेकी छन् भन्ने लख काट्न सकिन्छ।

उनले खुलेरै राजनीतिमा फर्किन्छु भनेकी त छैनन्, फर्किनका लागि बाटो बन्द नभएको बताउँदै आएकी छन्। राजनीतिमा फर्किइन् भने उनी पक्कै नेतृत्वमा रहनेगरी आउनेछन्। पहिलो राष्ट्रपति महिला बनेकी उनी एमालेको पहिलो अध्यक्ष महिलासमेत हुन सक्नेछन्। विदेशी राष्ट्रहरूमा पूर्वराष्ट्रपतिहरूको राजनीतिक पुनरागमन भई मन्त्री, सांसद बन्नुलाई सामान्यजस्तै लिइन्छ। नेपालका लागि भने यो नितान्त नयाँ र संवैधानिक नैतिकताका हिसाबले पनि हेरिनेछ।

मदन भण्डारीको राजनीतिक विरासतको बलियो साथ र कार्यकर्ताको भरोसा भण्डारीमा छ। उनी राजनीतिक नेतृत्वमा आउँदा एमालेको एक पंक्तिमा उत्साह देखिन सक्छ। महिला सशक्तीकरणलाई प्रोत्साहन गर्न सक्छ। यहाँ एउटा महत्वपूर्ण चिन्ता पनि छ– पहिले राष्ट्रपति पदमा रहेकी भण्डारीको राजनीतिक पुनरागमनले राष्ट्रपतिको गरिमामा आँच पर्ने त होइन ? हुर्किंदै गरेको गणतन्त्रको शोभा के होला भन्ने विषयलाई पनि नजरअन्दाज गर्नु हुँदैन। संविधानलाई संरक्षण गर्ने भूमिका निभाएको व्यक्ति पार्टी राजनीतिमा प्रवेश गर्दा कतै गरिमा र विश्वसनीयतामा कमी आउने सन्देह उत्पन्न हुन्छ। यसैले, भण्डारीको राजनीतिक आगमन सही ढंगले सोचविचार र तयारीको आधारमा हुनुपर्छ। ध्यान दिनुपर्ने अर्को पक्ष भनेको भण्डारी एमालेका लागि नभई नहुने अनिवार्य नेतृ हुन् कि होइनन् भन्ने पनि हो। त्यसको विश्लेषण सोही पार्टीका कार्यकर्ताहरूले नै गर्लान्। एमाले उपाध्यक्षसम्म रहेकी उनलाई सरकारदेखि राष्ट्रप्रमुखसम्मको अनुभव छ। दुई–दुई पटक राष्ट्रप्रमुख बनेकी उनलाई किन राजनीतिमा आउनुपर्ने बाध्यता आइपर्‍यो भन्ने सवाल पनि अहिले उत्पन्न भएका छन्। राष्ट्रपति भइसकेको व्यक्तिले सामाजिक सेवा गर्न सक्ने थुप्रै पक्ष पनि छन्। महिला सशक्तीकरण, समानता, पर्यावरण, सीमान्तकृतहरूको आवाज बोक्ने अभियानको नेतृत्वदायी भूमिकामा काम गर्न सकिने हुन्छ। जुन विश्वका धेरै राष्ट्रप्रमुखहरूले अपनाएको बाटो पनि हो। यसबाट पदीय गरिमा अझै बढ्नेछ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# शास्त्र, सदाचार र आधुनिक विज्ञान



• यादव देवकोटा

सृष्टिका यावत् संरचनालाई आआफ्नो प्राकृतिक नियम र धर्म अनुसार सापेक्षित रूपमा सक्रिय हुन अवरोध सिर्जना गरियो भने त्यसले विनाश मात्र निम्त्याउँछ । प्रकृति र सृष्टिलाई सन्तुलित बनाइराख्न सबभन्दा महत्वपूर्ण भूमिका मानिसको हुन्छ । सृष्टिको एक मात्र चेतनशील प्राणी मानिस त्यसै कारण नैतिकता, सदाचारी, सहिष्णु तथा संवेदनशील भावनाले प्रेरित हुनु पर्छ । हरेक मानिसले सत्य तथा निष्ठावान् व्यवहार प्रदर्शन गर्नु पर्छ । यस्तो व्यवहार प्रदर्शन गर्न उच्च नैतिकवान् मानिसले मात्र गर्न सक्छन् । नैतिकता हरेक मानिसले पालना गर्नुपर्ने असल आचरण हो, जसले व्यक्तिको व्यवहार तथा क्रियाकलापलाई समाजको हित अनुकूल सञ्चालन गर्छ । सदाचार र नैतिकतामा बाँधिएको मानिस सदा सत्य हुन्छ । हिजोआज सत्य डगमगाएको छ- असत्य, अनैतिक र अनाचारीको बाहुल्य छ । जसको परिणाम सिङ्गो पृथ्वीले भोगिरहेको छ । मानिस अध्यात्मवादी हुनुको साटो चरम भौतिकवादी हुँदै सत्यलाई सम्पत्तिको जलप लगाएर त्यसैको मोहमा परेको छ ।

उपनिषद्मा भनिएको छ- 'हिरण्मयेनपात्रेण सत्यसापिहतं मुखम्' अर्थात् सत्यको मुख सुनको पात्रले छोपेको छ । यसलाई पुष्ट गर्ने गरी समाजशास्त्रीले आधुनिक समाजमा उत्पन्न समस्यामा ९९ प्रतिशत अर्थसँग सम्बन्धित हुन्छन् भनेका छन् । यतिबेला के देखिन्छ भने चर्को बोल्ने, विलासी जीवन बिताउने, पुँजी निर्माण गर्नेहरूको बोलवाला रहेको र उनीहरूले प्राप्त गरेको धन, ज्ञान र रहेको विवेक मानव कल्याणका लागि सोच्नै नसक्ने भएको छ । यसले गर्दा मानव समाज मात्र होइन, विश्व ब्रह्माण्ड नै दूषित हुन पुगेको छ । विश्व जलवायु परिवर्तनको मारमा छ । यसका लागि विश्वका सीमित केही औद्योगिक राष्ट्र र तिनका उद्योगी जिम्मेवार छन् भनेर पर्यावरणविद्ले बताइरहेका छन् ।

विश्वमा जुन किसिमका समस्या उत्पन्न भइरहेको छ त्यो शिक्षाको अभावले होइन, बढी जान्ने भएर सदाचार र नैतिकता गुमाउँदाको परिणाम हो । धनी मुलुकले गरिब मुलुकको शिक्षाको विकासका लागि अर्बौं रुपियाँ अनुदान दिन्छन् । यसबाट साक्षरताको संख्यामा वृद्धि हुन्छ र मानिस चेतनशील, विवेकशील, ज्ञानी-ध्यानी हुन्छ भन्ने मान्यता राख्ने हो भने विश्वमा हरेक वर्ष उच्चशिक्षा प्राप्त परिवारको संख्या पनि लगातार बढेको छ । शिक्षितहरू बढ्दै जाँदा विश्व भने नयाँनयाँ समस्यामा किन परिरहेको छ त ?

अहिले धेरै कुरा पाएको मानिसले संवेदनशील भावनात्मक पक्ष र सदाचार गुमाउँदा घरघरमा तनाव र मानसिक असन्तुलनको तीव्र वेगले जीवन र जगत्मा नै उग्रकम्पन सुरु भएको छ । प्रकृति कुपित भएको छ । पर्यावरण क्षतविक्षत भएको छ । जताततै वातावरण खलबलिएर प्रतिकूल परिस्थितिले जीव र जगत् निस्सासिएको छ । धन थुपार्ने मोहमा मानिसले गरेको अमङ्गल सङ्कल्पको परिणामको त्रुटिले मानव मानवजस्तो रहन नसक्ने भयो । भौतिक विलाशी र सुविधामा मेसिनको दास बन्यो, मानव अधिकारको प्राकृतिक शास्त्रसम्मत अधिकार हनन् भयो ।

एकातिर विश्वभर मानव अधिकारको नारा घन्किरहने, अर्कातिर शस्त्र-अस्त्रको होडवाजी चलिरहने गर्दा हतियारको बजारको विस्तार भयो । मानव-मानवबिचको द्वन्द्व मानव र प्रकृतिबिच सुरु भयो । समस्त जीवन र जगत् नै सन्त्रस्त हुनुपर्ने वातावरण स्वयम् मानवले नै सिर्जना गर्‍यो । भावनात्मक पक्ष र सदाचारी व्यवहार त्याग्दै अस्वस्थ प्रतिस्पर्धाको दौडमा विश्वभर अमानवीय अमङ्गल सङ्कल्प गर्नेको संख्या बढ्दै गयो । अहिले पनि विश्वमा एक अर्बजति मानिस भोका छन् । अर्बौंलाई क्षणमै मार्न सक्ने घातक हतियार उत्पादन गरेर त्यसको व्यापारमा रमाउने दुई चार विकसित देशका दुई चार सय मानिससँग अथाह विश्वको सम्पदा एकाधिकारमा छ । बहुजनको हितमा जनताका नाममा सपना बाँडेर विपनामा केही सम्भ्रान्त घरानिया र केही मुलुकका राजनेता वा सिद्धान्तकारले विश्वलाई अभिशप्त बनाएर अर्बौं मानिस, चराचर जगत् र ब्रह्माण्डकै अस्तित्वमाथि प्रश्न उठ्ने कार्य भइरहेको छ ।

यसका लागि विश्वविद्यालयका उच्चस्तरका डिग्री भिरेका डाक्टरको पुच्छर गाँसेर विद्यावारिधि गरी कथित विद्वताको कवच भिरेका प्रायः सबै जना विश्वको बिग्रदो अवस्थाका निमित्त पूर्णरूपेण जिम्मेवार छन् ।

भगवत् गीताको यस्तै सन्देश छ- पसिना बगाएर कमाउनु, जीवनयापन गर्दा यज्ञकै रूपमा सबै कर्म निष्काम भावले गर्नु । यज्ञको प्रक्रियामा द्रव्ययज्ञभन्दा ज्ञानयज्ञको अझ ठुलो महत्व छ । पत्र, पुष्प, फल र पानी भक्तिले समर्पण गरे हुन्छ । त्यहाँ द्रव्य तथा अन्य भौतिक पदार्थ गौण छन् । यज्ञको यो प्रक्रियासँग कर्मको विभाजन पनि भएको छ । स्वभावतः वर्णाश्रम धर्ममा रहँदा त्यै कर्मको विभाजन अनुरूप कर्म गरे पनि उचनीचको भेदभावबिना कर्मद्वारा नै स्वतः सिद्धि प्राप्त हुन्छ । भगवत् गीताले यसै भन्छ । अहिले पसिना बगाएर कमाउन कोही उत्सुक छैन । रातारात धनी बन्न छलछाम र ढाट अनि डर-धाक, धम्कीले सम्पत्ति कमाउने प्रतिस्पर्धा चलेको छ । नेपालमा मात्र होइन विश्वमै यही रीत बसेको छ । अरूको त कुरै छाँडौ पूर्वीय सभ्यता र संस्कृतिको स्रोतकेन्द्र नै यसरी लथालिङ्ग भएको छ । नैतिकता र उच्च संस्कारयुक्त सामाजिक मर्यादाको कुनै मूल्य र महत्व रहेन । नैतिक रूपमा पतनै भएर धन कमाउने र अरूको डाहा गर्ने प्रवृत्ति हाबी छ ।

यस्तै प्रवृत्ति आजभोलि सामाजिक प्रतिष्ठा र सफलताको प्रतीक मानिन्छ । आफ्नो संस्कार, संस्कृति, धर्म, सभ्यता, वंशाणुगत जातीय विशेषताबाट सबै सबै नै पतन हुँदै अहम्कारी, दुराचारी बन्दै अनैतिक काममा बढी केन्द्रित हुने र आफूलाई अरूभन्दा फरक देखाउन, सभ्य र सम्पन्न बनाउन जस्तोसुकै अनैतिक काम गर्न पछि नपर्नेबाटै समाज भाँडिएको छ । धनी र गरिबबिचका खाडल झन् फराकिलो र गहिरो बन्दै जानुको कारण जिम्मेवारीमा रहेकाहरूमा हराउँदै गएको नैतिकता, संवेदनशील भावना र सदाचारको अभाव नै हो ।

नेपालको मात्र होइन, विश्वभर यस्तै छ । विकसित देशका बहुराष्ट्रिय कम्पनी घातक हतियार उत्पादन गरेर युद्ध भड्काउँदै आफ्ना हतियारको व्यापार बढाउँछन् । खै मानवीय संवेदनशील भावना ? पैसाका लागि युद्ध गराउने अनि त्यो युद्धका लागि स्वतन्त्रता, मानव अधिकारको नारा घन्काउने ? योभन्दा ठुलो विडम्बना अरू के हुन्छ । हामी यस्तै प्रवृत्तिको सिकार हुँदै उनीहरूकै पछि लागेर, उनीहरूले घोकाइदिएको नारा भट्याउँदै आफ्नोपन भुलेर अन्धानुसरण गरिरहेका छौं, जसले हाम्रो शिक्षा, व्यवहार, संस्कार सबै ध्वस्त प्रायः को अवस्थामा पुगेको छ ।

किताब नपढेका भए पनि हाम्रा हजुरबा हजुरआमा ज्ञानी थिए, विवेकी थिए, संस्कारी र सदाचारी थिए (अपवादबाहेक) यसको कारण संस्कार र अभ्यासमा चल्दै आएको शिक्षा पद्धति थियो । जसलाई पुस्ता शिक्षा भन्न सकिन्छ । यो शिक्षा भनेको पुस्तान्तरण हो । यहाँ कुनै निश्चित पाठ्यक्रम अनुरूप पठनपाठन हुँदैन । यो परम्परा परिवार, समाजभित्र स्वतः विकसित थियो । अक्षरारम्भ गरेर घर, पुस्ता, चौतारा, पाटीपौवामै अनौपचारिक गतिविधिबाटै वाचक चलाउने, लिपि बसाउने र विषयवस्तु स्फुरण भए नभएको, रुचि जागृत कति कसरी भयो इत्यादि गतिविधि स्वयम् बोध गर्ने र अगाडि बढ्न प्रेरित हुने वातावरण तयार हुन्थ्यो । यसरी नै खनजोतलगायतका कृषिकर्म, बिउबिजन, गोडमेल र वस्तु विशेषको जान पहिचान, उपचार र रेखदेखलगायतका साधारण ज्ञान समयको गतिसँगै स्वतः थपिँदै जाने र स्थलगत अनुभवबाटै कुशल गृहस्थको जग बसाउने यो शिक्षाले आत्मनिर्भर बनाउँदै स्वाभिमानी, नैतिकवान, चरित्रवान् र निर्भिक, निष्पक्ष, विवेक, ज्ञानसमेत जागृत गराउन सम्भव हुन्थ्यो । आफूले शिक्षा प्रदान गरिरहेको पात्रलाई कर्मठ, सुपात्र बनाउन उसले खानपान, रहनसहन, आचार विचारमा बढी ध्यान दिएर आत्मबल, चरित्रबल, नैतिकता तथा इच्छाशक्ति, क्रियाशक्ति, ज्ञानशक्ति प्रबल पार्न पुस्ता शिक्षादाता सचेष्ट रहन्थे ।

घरमा नातिनातिनालाई पढाउने हजुबा-हजुरआमा किताबभन्दा कुशलता, संस्कार, नैतिकता, मानवीय संवेदनशील भावनाका साथै गर्न हुने र नहुने सबै कुरा सिकाउँथे । वातावरण संरक्षणका विविध पक्षलाई, समाज हितका अनेक आयामलाई उनीहरू परम्परागत अभ्यास र ज्ञानलाई पुस्तान्तरण गर्दथे । पानीढलो मास्नु हुन्न, बाटो, चौतारो, मन्दिर, खोला किनार अतिक्रमण गर्नु हुन्न, वनजङ्गल मास्नु हुन्न भन्दै सचेत गराउँथे । वातावरण शुद्ध राख्न र प्राकृतिक सन्तुलनन कायम गराउन अनेक धार्मिक विधि अनुष्ठान सिकाउँदै प्रकृति संरक्षणका लागि हरेक पक्षमा ईश्वरको अंश हुन्छ भन्दै तिनको पूजा गरेर संरक्षण गर्ने संस्कार सिकाउँथे ।

यस्तो पद्धति र अयासको अन्तर्निहित उद्देश्य शिक्षा दिने पात्रलाई सर्वाङ्गीण विकासपथमा प्रेरित गर्ने उद्देश्यमा आधारित हुन्थे । विकासको अर्थ अहिलेको जस्तो केवल भौतिकता मात्र थिएन । भौतिक वस्तु र सेवा समय क्रमसँगै प्राप्त हुने विषय रहेकाले शास्त्रसम्मत विकासको ढाँचा कायम राख्दै अघि बढ्न दिइने शिक्षाकै कारण कुनै विश्वविद्यालयको ढोकै नटेकेका इतिहास पुरुष कहलिन सफल भए । आदिकवि भानुभक्त आचार्य हुन् वा चीनमा बलबाहुका नामले प्रख्यात वास्तुकलाविद् अरनि हुन्, उनीहरू आफूलाई कालजयी बनाउन सफल भए ।

अरनिकोले चीनमा कमाएको ख्यातिले के देखाउँछ भने युरोपतिर औद्योगिक क्रान्ति हुनुभन्दा अगावै आठ सय वर्ष अगाडि नेपाली धातुकर्मी, मूर्तिकारले वास्तुकलामा उच्चतम प्राविधिक ज्ञान हासिल गरिसकेका थिए भन्ने प्रमाण हो । यो ज्ञान कुनै विश्वविद्यालयबाट होइन, पितापुर्खाबाट शास्त्रसम्मत प्राप्त भएको हो । उनीहरूले प्राप्त गरेको पुस्ता शिक्षाको प्रभाव थियो । यो सन्दर्भ उठाउनुको कारण उतिबेलाको शिक्षा र ज्ञानको क्षेत्र कस्तो थियो भन्नका लागि मात्र हो । आज पनि नेपाली जनताले आदरपूर्वक स्मरण गर्ने उनीहरूको ज्ञानको स्रोत शास्त्रसम्मत शिक्षाको आधार थियो ।

**निष्कर्ष**

शास्त्र र शस्त्रबिच चर्को द्वन्द्व मच्चिइरहेको वर्तमान सन्दर्भमा विश्वकै सर्वाधिक धनी वैज्ञानिक इलन मस्कले नेपालको तन्त्रविद्यालाई समेटेर आर्टिफिसियल इन्टिलिजेन्स (एआई) विकास गर्न लागेको चर्चा छ । यो चर्चाले शास्त्रले शस्त्रलाई पछि छाड्दै अब पूर्वीय ज्ञानको सागरमा पश्चिमा वैज्ञानिक डुबुल्की मारेर आफ्नो समृद्धिको भर्‍याङको खुड्किला अरू थप्ने मेसोमा रहेका त होइनन् भन्ने चासो बढेको छ । यस्तोमा हामी सबैले बुझ्नुपर्ने विषय हाम्रो संस्कार, संस्कृति, सभ्यता, शिक्षाको आधारमा रहेको संवेदनशील भावना, सदाचार, नैतिकता र धर्मसम्मत कर्मको महानता र महत्व नै हो ।

# स्थानीय तहमा वित्तीय जोखिम



• हृदयेश पन्थी

'वित्तीय सुशासन जोखिम' भन्नाले भ्रष्टाचार, प्रक्रियाको पालना नहुने र कमजोर व्यवस्थापनका कारण सार्वजनिक वित्तीय साधन तोकिएको वर्ग, लक्ष्य र प्रयोजनमा खर्च नहुने तथा यसबाट अपेक्षित नतिजा निस्कन नसक्ने सम्भावनालाई बुझिन्छ । नेपालमा संघ, प्रदेश र स्थानीय तह गरी तीन किसिमको सरकार छन् । सबैभन्दा तल्लो तहमा रहेको र जनताको प्रत्यक्ष सरोकार रहेको सरकार स्थानीय सरकार अर्थात् गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाका रूपमा रहेका छन् । यी स्थानीय तहले संयन्त्र, प्रक्रिया, पद्धति र सेवा प्रवाह गर्ने शैलीमा वित्तीय अनुशासन कायम गर्नु पहिलो सर्त हुन जान्छ । वित्तीय अनुशासनको जोखिमले सार्वजनिक पद, शक्ति र स्रोतसाधनलाई निजी फाइदाका लागि दुरुपयोग हुन सक्ने सम्भावनाको जोखिमलाई जनाउँछ ।

वित्तीय सुशासनमा राजस्व सङ्कलन र खर्च व्यवस्थापनलाई व्यवस्थित गर्न स्थानीय तहले आर्थिक कार्यविधि तथा वित्तीय उत्तदायित्वसम्बन्धी कानुनको खाँचो देखिएको छ । वित्तीय अनुशासन, जवाफदेहिता र पारदर्शिता प्रवर्धन हुने गरी आर्थिक कारोबार सञ्चालन गर्न आवश्यक कानुन बनाई लागु गर्नु पर्छ । वित्तीय जोखिममा बेरुजु मात्र नभएर भ्रष्टाचार पनि सँगै जोडिएर आउँछ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको वार्षिक प्रतिवेदन २०८०/८१ अनुसार आयोग र आयोगका कार्यालयमा दर्ता भएका उजुरीमध्ये बढी उजुरी (५२.८० प्रतिशत) स्थानीय तहविरुद्ध परेको देखिन्छ ।

वित्तीय सुशासन मापनको औजार बेरुजु भएकाले यसलाई न्यूनीकरण गरी असल शासन कायम गर्नु पर्छ । तथ्याङ्कका रूपमा आव २०७९/८० को महालेखा परीक्षकको ६१ औं वार्षिक प्रतिवेदन अनुसार हाल संघ, प्रदेश र स्थानीय तहसमेतको लेखा परीक्षणबाट ९५ अर्ब ६० करोड बेरुजु कायम भएको छ । सोमध्ये तीन हजार २७७ संघीय सरकारी निकायको २४ खर्ब ६१ अर्ब ११ करोड लेखा परीक्षणबाट ४६ अर्ब ५३ करोड अर्थात् १.८९ प्रतिशत बेरुजु देखिएको छ । प्रदेशतर्फ एक हजार २७० कार्यालयको तीन खर्ब २३ अर्ब ३४ करोडको लेखा परीक्षणबाट छ अर्ब ५७ करोड अर्थात् २.०३ प्रतिशत र स्थानीय तहतर्फ यस वर्षको ७४६ र बक्यौता २ समेत ७४८ को ११ खर्ब ३९ अर्ब १९ करोडको लेखा परीक्षणबाट ३१ अर्ब दुई करोड अर्थात् २.७२ प्रतिशत बेरुजु देखिएको छ ।

**पालिकामा हुन सक्ने वित्तीय जोखिम**

कार्यालय सञ्चालन तथा व्यवस्थापनसँग सम्बन्धित बजेट विनियोजन गर्दा एकमुष्ट कार्यक्रमका रूपमा राखेर आफूखुसी बजेट खर्च लेख्ने तथा पदाधिकारीलाई प्रदेशबाट जारी भएको मासिक सुविधाबाहेक यातायात खर्च, मोबाइल, ल्यापटप, सवारीसाधन, अतिथि सत्कारलगायतका सुविधा उपलब्ध गराउने र ती पदाधिकारी सुविधासम्बन्धी ऐन विपरीत स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने गरेको पाइन्छ ।

स्थानीय तहका पदाधिकारी तथा कर्मचारीले कार्यालयबाट भरपाई गरी लिएको जिन्सी सामग्री मोबाइल, ल्यापटपलगायतका मालसामान लागि सरुवा हुँदा र पदमा नरहँदा समेत फिर्ता नगर्ने गरेको पाइएको छ । कतिपय स्थानीय तहले स्पष्ट कानुनी आधार एवं मापदण्ड बेगर आन्तरिक आयसमेतको ख्याल नगरि कर्मचारी प्रोत्साहन भत्ता भुक्तानी गर्ने, स्थानीय तहले दरबन्दी नभएको तथा दरबन्दीभन्दा बढी कर्मचारी नियुक्त गर्ने, सरुवा सहमति दिने गरेका उदाहरण पनि टन्नै देखिन्छ । कुनै स्थानीय तहमा कार्यालयका कर्मचारी मात्रै बैठक बसेको वा भत्ता नपाउने समितिको समेत बैठक भत्ता खर्च लेख्ने तथा कार्यालयको कामबाहेक हाजिर नगरी, घरमै बसी काजबापतको रकम भुक्तानी लिनेसमेत गरेका छन् ।

खरिद तथा निर्माण व्यवस्थापनसँग सम्बन्धित सेवा र परामर्श अन्तर्गत कार्यलयकै कर्मचारी प्रयोग गरी गर्न सकिने काम पनि तेस्रो पक्षबाट गराउन खोज्ने जसमा विनियोजित बजेट बराबर नै खर्च गर्ने गरी तेस्रो पक्षबाट सेवा लिने, वार्षिक मर्मत खर्चलाई ख्याल नै नगरी तेस्रो पक्षलाई काम लगाउने गरेको पाइन्छ । धेरै जसो स्थानीय तहमा काम हुने यकिन नभएको ठाउँमा समेत विस्तृत अध्ययन प्रतिवेदन ताथ वातावरणीय अध्ययन प्रतिवेदनका अभिलेख नराख्ने गरेको पाइन्छ । विद्युतीय प्रणाली खरिद गर्दा सूचना प्रविधि मन्त्रालयबाट स्वीकृति नलिएका प्रणाली खरिद गर्ने तथा खरिद गरिएका प्रणालीसमेत प्रयोगमा नल्याउने गरेको पाइएको छ ।

पालिकाले प्रतिस्पर्धा नगराई विभिन्न निर्माण कार्य, औषधी खरिद, परामर्श एवं वस्तु तथा सेवा सोझै खरिद गर्ने, कार्यालयको आन्तरिक स्रोतको मूल्याङ्कन नगरी जथाभाबी सवारीसाधन खरिद गर्ने तथा ती साधनको इन्धन र मर्मतमा खर्च गर्ने र सो खर्चसँग भिडान हुने किसिमका कागजातसमेत संलग्न नभएको पाइन्छ । उपभोक्ता समितिमार्फत जटिल किसिमका संरचना निर्माणको कार्य गर्ने, उपभोक्ता समितिलाई भुक्तानी दिँदा मूल्य अभिवृद्धिकर तथा जनसहभागिताको अंश कट्टा नगरी भुक्तानी दिने गरेका उदाहरण पनि धेरै छन् ।

वित्तीय सुशासन कायम राख्न विविध उपाय अपनाए पनि लाभग्राही समुदायबाट योजना कार्यान्वयन गर्न भनी गठित उपभोक्ता समितिबाट जटिल किसिमका संरचना निर्माणका काम गराइएको छ । त्यस्ता समितिलाई निर्माण कार्यसम्बन्धी ज्ञान नभएकाले गुणस्तरीय काम गराउन सकिँदैन । विविध कारणवश काम रोकिने अवस्था आएमा समेत उपयुक्त कानुनको अभावले कारबाही प्रक्रियामा जानसमेत सकिँदैन । विनियोजित रकम न्यून हुने समस्या एकातिर छ भने ठेक्का प्रक्रियामा निर्माण कम्पनीले समयमै काम नसक्दा काम पनि पूरा नहुने र रकम फिर्ता गर्नुपर्ने अवस्था विद्यमान छ । विभिन्न खरिद तथा निर्माण कार्यमा नीतिगत अस्पष्टता जस्ता समस्या देखा परेका छन् भने स्थानीय तहका कर्मचारीलाई समय अनुकूल नीतिगत तथा व्यावहारिक ज्ञान, तालिम सिप विकासको अभाव देखिएको पाइन्छ । स्थानीय तहमा कानुन निर्माण गर्न चुनिएका पदाधिकारीमा दक्षताको अभाव छ । प्रत्येक स्थानीय तहमा कानुन अधिकृतको व्यवस्था नहुँदा बनाइएका कानुन पनि कतिपय संघ तथा प्रदेश कानुनसँग बाझिएका कारण कार्यान्वयनमा जान सकेको देखिँदैन ।

**यसले पार्ने समस्या**

बजेट विनियोजनमै विनियोजन कुशलता अपनाउन नसक्ने र खर्च गर्दा वित्तीय जोखिम हुने गरी खर्च लेखिएमा कार्यालयमा नियमितता, पारदर्शिता, सुशासन हराएर जाने मात्र नभई स्वेच्छाचारिता, भष्टाचार, अनियमितता, आर्थिक बेथिति र बेरुजु बढ्दै जान्छ । नागरिक र कर्मचारी तथा पदाधिकारीबिचको खाडल बढ्दै जान्छ । जसले गर्दा कार्यालय सञ्चालन तथा व्यवस्थापनमा लागत बढ्दै जाने, अनियमित तबरले खर्च हुने गरी समस्या देखा पर्छन् भने निर्माणका काममा समेत गुणस्तर हुन नसक्दा तुरुन्तै मर्मत गर्नुपर्ने वा फेरि नयाँ पद्धतिबाट निर्माण गर्नुपर्दा एउटै योजनामा बढी लागत पर्न जान्छ । एकै ठाउँमा पटक पटक रकम विनियोजन गर्दा सन्तुलित विकास नहुने अवस्था आउँछ ।

सेवा परामर्शबाट विभिन्न सफ्टवेयर, विद्युतीय नागरिक बडापत्रलगायतका काममा खर्च

❖ बाँकी तेस्रो पृष्ठमा

# हिक्मत कार्की कमरेड, यस्ता प्रशिक्षणले पार्टी सबल बन्ला र ?



• प्रा.डा. बद्रीविशाल पोखरेल

नेकपा एमालेले पार्टी स्कूल विभाग नै गठन गरेको छ र यसले विभिन्न तहको प्रशिक्षणमूलक पाठ्यक्रम नै तयार गरेको देखिन्छ । र, यस पार्टीले जतिको देशव्यापी प्रशिक्षण सञ्चालन कुनै पार्टीले गरेको छैन होला । आवश्यकता अनुसार स्तर हेरी समयसापेक्ष सारसंक्षेपमा प्रशिक्षण सञ्चालन गरेको पाइन्न । प्रायः भारीभर्कम विषयसहित प्रशिक्षणको भार नै कार्यकर्ताले थाम्न नसकेको पाइन्छ । पढाइन्छ धेरै तर कति जानेको छ र व्यवहारमा कति उतारेको छ भनेर नियाल्ने हो भने निराशाजनक अवस्था देखिएको छ । स्वास्थ्य विज्ञानको ज्ञाता छ तर, दाँत माझ्न आउँदैन । रातभरि पढायो सीता कसकी जोई भनेझैँ देखिन्छ । भएभरको विषयवस्तु कार्यकर्ताका मस्तिष्कमा भर्न खोजेको देखिन्छ । प्रशिक्षणपश्चात् सोध्ने हो भने उत्तर शून्यझैँ लाग्छ । यसको एउटा गतिलो प्रमाण केन्द्रीय सदस्य उषाकिरण तिम्सेना हुन् । उनले हालै एक अन्तर्वार्तामा सबै पार्टी काम नलाग्ने, सबै जोगी कान चिरा भनिन् । यस खालका कुराहरु प्रकट अप्रकट रुपमा धेरै नेता र कार्यकर्ता भन्दा रहेछन् भन्ने मैले धेरै तिरबाट प्रत्यक्ष सुनेको छु । वास्तवमा कुरो के हो ? भन्दा पार्टी प्रशिक्षणका क्रममा नेता र कार्यकर्ताको विचार केन्द्रित, समस्यामा ध्यान दिनु पर्ने देखिन्छ । जतिसुकै मार्क्सवाद र जबज पढाए पनि अधिकांश नेता र कार्यकर्ता मृतआत्माको चिरशान्तिको कामना गर्न छाड्दैनन् ।

जनताको सामान्य परिभाषा देशमा बसोबास गर्ने सबै हुन् तर, मार्क्सवादी परिभाषा शब्दकोशमा शारीरिक र मानसिक श्रम गर्ने आम श्रमजीवी चाहिँ वास्तवमा जनता हुन् । यति कुरा पनि बताएको थाहा छैन । तिम्सेनाजस्ता नेता र कार्यकर्ता पनि एमालेले हालका दिनसम्म देश र जनताका हितमा कुनै काम गरेको नै देख्दैनन् । अझ सरकारले खै रोजगारी दिएको ,खै व्यापक रुपमा उत्पादन गरेको ,खै उद्योग धन्दाको विकास गरेको जस्ता दीर्घकालमा दिगो सरकार हुँदा मात्र गर्न सकिने काम आजै नगरेको भनेर रोइलो गर्दा रहेछन् । तिनीहरु एमाले र ओलीका यति यति कमजोरी छन् भनेर गन्ती गर्छन् । यसको मतलब मूल्याङ्कन गर्ने सही मापदण्ड र आधारबारे थोपोसुको तिनलाई जानकारी छैन र दिएको देखिन्न । एमाले र ओलीका कमजोरी होलान् र छन् ।तर, अरु पार्टी र नेताहरुका तुलनामा र सापेक्षतामा हेर्दा कत्ति पनि फरक छैन त भन्दा बिलकुल धेरै फरक देखिन्छ । नौमहिने सरकारदेखि ओली प्रधानमन्त्री पहिले हुँदा र अहिले पनि कार्यरत रहँदाका कामहरु हेर्नें हो भने आकास र जमिनको अन्तर देखिन्छ । पठन संस्कृति अत्यन्त कमजोर रहेको र न्यून चेत भएका कार्यकर्ता र जनतालाई थोरै कुरा र विषय सिकाउनु पर्छ र यसलाई व्यवहारमा स्वेच्छिक रुपमा उतार्न लगाउने काम गर्नु पर्छ । तुलना र सापेक्षतामा मूल्याङ्कन गर्ने कुरालाई छर्लङ्ग पार्ने गरी प्रशिक्षित गर्ने काम गरियो भने एमाले नेता, कार्यकर्ता र जनता ठीक ठाउँमा उभिनेछन् । चन्द्रमामा दाग छ भनेकै भरमा कालो चन्द्रमा भन्न मिल्दैन नि । दुधालु गाई र च्याङ्रे गाईमा कुनै परक छैन र हुँदैन ? पढ्ने र नपढ्ने, अनि महाअल्छे र जाँगरिलो सन्तानमा कुनै फरक नदेख्ने हो भने अलिअलि भए पनि गरिखान खोज्ने सन्तानमा निराशा आउँछ । कम्तीमा केही न केही देश र जनताका हितमा काम गर्नेलाई प्रोत्साहन दिनु पर्छ, बैगुनी बन्न हुँदैन ।यस्ता आम जनताले सजिलै बुझ्ने भाषामा नेताले भनिदिए कति जाती हुन्थ्यो । अर्को समग्र र अंश जस्ता मार्क्सवादी सही मूल्याङ्कन गर्ने पद्धति रहेको छ ।तर, त्यसअनुरुप छर्लङ्ग पार्ने गरी त्यसैमा केन्द्रित प्रशिक्षण गरे जस्तो लाग्दैन । अंशमा हेर्दा एमाले र ओलीमा कमजोरी होलान् वा छन् । यस विषयमा प्रधानमन्त्री तथा पार्टी अध्यक्ष ओलीले नै मलाई धेरै नजिकबाट नहेर्नु, यसरी हेर्दा मेरा पनि कमजोरी देखिएलान् भन्नु भएको थियो । यसको मतलव उहाँलाई पनि आफ्ना जानी नजानी आफूमा निहित कमजोरी थाहा छन् भन्ने बुझिन्छ । यसमा अर्को कुरा के पनि छ भने आफ्ना वरपरका र वृत्तका मानिसको सल्लाह र सुझाव मान्दा पनि कमजोरी हुन सक्छन् । यस्ता कमजोरी कोशी प्रदेशलगायत कतिपय ठाउँमा भएको मलाई पनि थाहा छ। तर, यत्तिकै भरमा सबै स्याउ कहिएको भन्न मिल्दैन र सुहाउँदैन । सत्ता र सरकार प्रमुखका अघिपछि जतिसुकै निगरानी गरे पनि हरिया झिँगा घुमिरहेका हुन्छन् । सुरु सुरुमा सुकिला जस्ता लाग्ने झिँगा ऐन मौकामा आफ्नो स्वरुप देखाइहाल्छन् । त्यसैले बत्ती मुनि अँध्यारो हुन्छ र हुनसक्छ भनेर बेलैमा होसियार हुनुपर्छ । अहिले पनि पार्टी प्रशिक्षण नगर र जिल्लामा चलिरहेको देखिन्छ तर कतिपय ठाउँमा पठन संस्कृति शून्य जस्तै भएका नेता र कार्यकर्ता पनि ठूला प्रशिक्षक भएको सुनिन्छ । टपटप टिपेका मानिसले के कति सम्झाउलान् भन्न सकिन्न । यस्ता प्रशिक्षणमा कर वा रहरले भए पनि पठन संस्कृतिप्रति अनुराग राख्ने बौद्धिक प्राज्ञिक, बुद्धिजीवी, नेता र कार्यकर्तालाई पटक्क ठाउँ दिइँदैन । किनभने यस्ता मानिस आए भने तिनले आफ्नो प्रभाव जमाउँछन् र आफ्नो अस्तित्व धरापमा पर्छ भन्ने डर पनि देखिन्छ । समीले आफू सरहका वृक्षलाई साथ र हात लिन्छ तर पोथ्राले भुईमा नै बिलाउनेलाई मात्र बोक्छ । अनि कसरी पार्टी अग्लिन्छ । सबैभन्दा शक्तिशाली मोर्चा सांस्कृतिक मोर्चा हो । तर, त्यही लँगडो भएपछि कसरी संस्कृति र सांस्कृतिक रुपान्तरणका कामका विषयमा विमर्श हुन्छ । अझ संस्कृति विभाग नै यस सम्बन्धी खोज गर्ने कुरामा केन्द्रित नभएर बरालिएपछि गुणात्मक रुपान्तरणको विषय शून्य हुने नै भयो । राजा महाराजाहरुले विषय विज्ञहरुलाई साथ र हात लिएर काम गर्थे । यस्ता कुरा सिके पनि जाती हुन्थ्यो । दे दिया डण्डा हो गयान हबल्दार नियतका आफैँ सर्वज्ञ हुन खोज्ने नियति व्याप्त छ । विभिन्न राष्ट्रिय समारोहमा विद्वान्,प्राध्यापक र प्राज्ञलाई मन्तव्यसहित सम्मानित रुपमा उपस्थित गराउँथे राजा महाराजा र तिनको सत्ता र सरकारले ।तर, हामी त्यस्ता व्यक्ति र व्यक्तित्वलाई दुअन्नी र चवन्नी सरहको कार्यकर्ताभन्दा कम आक्छौँ । प्रशिक्षणका क्रममा ओली सरकारका पालाका तमाम कामहरु साक्षी राखेर आम कार्यकर्ता र जनतालाई राम्ररी सुझाउने हो भने पार्टी सबल नबन्ने कुरै छैन । अनि मिसन ८४ असफल हुने सम्भावना नै देखिन्न । तर अमुक नेताका सिफारिसमा जिल्ला अध्यक्ष,सदस्य,प्रदेश सदस्य र केन्द्रीय सदस्य आदि बनाउने हो भने वरको सिन्को पर सर्नेवाला छैन । जे जस्तालाई काखी च्यापे पनि तिनलाई राम्ररी सुझाए त हुन्थ्यो । त्यो पनि छैन । आयाराम र गयारामका मात्र भर परेर हुन्न तिनलाई राम्ररी प्रशिक्षित पनि गर्नुपर्छ । जन्मायो जन्मायो अनि छाडा छाडेपछि रमित मात्र हुन्छ । कतिपयले त काम गर्नै नजानेको र भनेको पनि नमानेको देखिन्छ । मानौँ मदन भण्डारी फाउन्डेशनको प्रदेश समिति छ ।तर, समितिका सबैलाई कामको एक-एक जिम्मेवारी दिएर काम गर्न दिइँदैन । यो समितिले सल्लाहकारसहित विभिन्न उपसमिति गठन गर्ने प्रावधान विधानमा छ ।तर, काम भने फिटिक्क छैन । पार्टीमा विभिन्न तह र तप्काका विभिन्न हैसियतका मानिस छन् । तिनलाई रचनात्मक कामको जिल्ला दिँदा हुन्छ, दिइँदैन । समितिको अध्यक्षको आदेशबिना सास फेर्न पनि हुन्न भनेझैँ छ । यस्ता घटनाहरुबाट यो कुरा पुष्टि हुन्छ । जबज त संस्कृति हो केवल राजनीतिक दस्तावेज मात्र त होइन नि । कोशी प्रदेशका मुख्यमन्त्री इटहरीका एक जना शिक्षकको जन्म उत्सव मनाउन निक्कै मोटो रकम दिएको थाहा भयो । क्रिकेट खेलाडीलाई पनि लाखौँ रकम सहयोग गरेको विषय चर्को विवादमा पऱ्यो । यतातिर कवि कलाकार रचनात्मक कार्यक्रम गर्न नसकेर रोईरहेका देखिन्छ । अनि जनमत बढ्छ ? पार्टी प्रभाव बृद्धि हुन्छ ? छोरोको परम्परागत ब्रतबन्धमा लाखौँ खर्च गरेर सांस्कृतिक रुपान्तरण हुन्छ ? ब्रतबन्धको वास्तविक सत्य र यथार्थ थाहा नपाई रुढीग्रस्त ब्रतबन्ध गर्नै स्थायी समिति सदस्यले समाजको गुणात्मक परिवर्तनमा सिन्को भाच्लान् र पत्याउने आधार देखिन्न । मुखले र कामले परस्पर बाझिने प्रशिक्षणको भर परेर कसरी लक्ष्य हासिल हुन्छ । अनि पतितलाई काँधमा बोकेपछि आफूसहित संस्थालाई नै पतनतिर पुऱ्याइन्छ । सर्वनाश हुनुभन्दा अघि नै चेत र बुद्धि पलाए कति जाती हुन्थ्यो । राजसा महासंघ,सुनसरीले ३७ औँ स्थापना दिवसमा लेखक मिथिला पोखरेलले मूर्च्छित सपनाहरु तिमीले ब्युँझायौ शीर्षकको गीत सुनाउनु भयो । त्यस गीतमा ...तुइनको कहरबाट जनता बचायौ,महँगीको मारबाट राहत दिलायौँ, देशको स्वाभिमान तिमीले उठायौ । पानी जहाज,ग्याँस चुल्हा सपना देखायौँ, सरकार दिगो भएदेखि सपना पूरा गर्थ्यौं ...भन्ने अंशहरु थिए । यस्ता रचना लेख्न लेखाउन कसले प्रेरित गर्ने हो ? कोही माइबाप छ ? त्यसैले एमाले प्रशिक्षणमा सापेक्षता,तुलना,समग्र र अंशजस्ता विषयमा गम्भीर रुपमा प्रशिक्षित गर्ने यस विषयमा सुमधूर गीत ,गजल लेख्ने र तिनलाई सुमधूर संगीतले सजाउने जनमनमा र ओठमा सधैँ झुण्डिने खालको बनाउने गरे सही सोच जनताका मन मस्तिष्क र हृदयमा चिरस्थायी हुन्थ्यो । सामन्तवादले भाग्यवाद र पुर्पुरोवाद तथा चरम रुढीवादबारे प्रभावशाली पण्डित र गुरुजनबाट बारम्बार प्रवचन गराउँछ । अनि त्यसैलाई सुमधूर स्वर र संगीतमा ढालेर आम जनतालाई मख्ख पार्छ । जनताको खून पसिना चुस्ने आफ्नो सत्ता सरकार र शक्तिलाई दीर्घ जीवन प्रदान गर्छ । यसरी नै पुँजीवादले पनि आफ्नो अपसंस्कृतिलाई भरपूर संरक्षण र सम्बर्द्धन गर्छ । अनि आफ्ना संस्कृतिविद्लाई सम्मान र आदर गर्छ तर यतातिर एउटा सामान्य पत्रकार र कार्यकर्ताले ठाडै हकार्छ । किनभने पत्रकारितामार्फत् पनि सांस्कृतिक रुपान्तरण गर्न सकिन्छ भनेर उसलाई सुझाउनै हुन्न । अनि टोपी लगाउन नेता भन्दा सुझाउनेको भाँको झार्छ । अधिकांश केन्द्रीय नेता संस्कृति कसरी बन्छ र बनाउनु पर्छ भन्ने बारे दयनीय अवस्थाका छन् । तिनको दृष्टि विन्दु आसेपासेलाई अघिपछि लगाउनु र भोलि प्रदेश,संघ र स्थानीय तहको घुम्ने कुर्सीमा बस्नु मात्रै देखिन्छ । विगत कालमा काँधमा एकाध नेताले आफ्ना बोकर थैथै गरेका स्तरहीन कार्यकर्ता बिहानदेखि खुट्टै टेक्न नसकेर समाजमा बेइज्जत भएको दृश्य आफूले नै देखेभोगेको छ । पार्टी खस्किनुको राज रहस्य आफ्नै जिल्लामा देखिन्छ ।

## अमृत...

राजवंशीको अतुलनीय योगदान छ ।
उनले भागुडुब्बाका बालबालिकालाई शिक्षा प्रदान गर्ने हेतुले विद्यालय स्थापनाको अभियान चलाएका थिए । विसं. २०२० सालमा आफ्नो नामको एक बिघा १२ कट्ठा ३ धुर जमिन निःशुल्क दान गरी राजवंशीले भागुडुब्बामा 'अनिवार्य तथा निःशुल्क प्राथमिक पाठशाला केन्द्र नं. २ बोक्राझाडी' नामक विद्यालय स्थापना गरेका थिए ।
स्थापनाको समयमा राजवंशीले दान गरेको जमिनमा 'यू' आकारको चार कोठे विद्यालय भवन निर्माण गरिएको थियो । सो भवनमा तत्कालीन सरकारले कक्षा १ देखि ३ सम्म पठनपाठन गर्न पाउने स्वीकृति प्रदान गरेको थियो । स्थानीयबासीको साथसहयोग र शिक्षा आर्जन गर्ने विद्यार्थीको चापले विद्यालयलाई थप ' अपग्रेड' गर्नुपर्ने बाध्यता पनि थपिदैं गयो । शिक्षक, अभिभावक तथा स्थानीयबासीको सहमतिमा विसं. २०३० सालमा यस विद्यालयलाई प्राथमिकबाट निम्न माध्यमिक बनाउने प्रस्ताव अघि सारिएको थियो । सोहीअनुसार विद्यालयमा कक्षा थप गर्ने क्रम पनि बढाउदै लगियो । विसं. २०४२ सालसम्म स्थानीय अभिभावक तथा समाजसेवीलगायतको सहयोगबाट ११ बर्ष निजी खर्चबाट प्रस्तावित निमाविको रुपमा विद्यालय सञ्चालन गरिएको इतिहास छ ।
सरकारले २०४२ साल माघ २२ गते कक्षा ७ सम्म पठनपाठन हुनेगरी निम्न माध्यमिक विद्यालय स्वीकृत गरेको थियो । स्वीकृति दिने क्रममा विद्यालयको नाम 'अनिवार्य तथा निःशुल्क प्राथमिक पाठशाला केन्द्र नं. २ बोक्राझाडी' हटाएर विद्यालय स्थापना गर्ने कार्यमा तन, मन र धन दिएर योगदान गरेका अमृतलाल राजवंशीको नामबाट विद्यालयको नाम जुराईयो 'अमृत नि.मा.वि.बोक्राझाडी राजगढ १ ।'

नि.मा.वि. कक्षा ८ सम्म पठनपाठन हुनुपर्ने भएकाले २०५३ साल मंसिर ९ गतेदेखि पुनः निजी स्रोतमा कक्षा ८ थप गरियो । स्थानीय अभिभावक, शिक्षक, समाजसेवीलगायतको सहयोगमा ५० हजार रुपैयाँ बैंकको मुद्धति खातामा राखेर कक्षा ८ थप गरी सञ्चालन गरिएको थियो । कक्षा थप गरिएपनि उक्त कक्षा सञ्चालनका लागि सरकारले विद्यालयलाई शिक्षक दरबन्दी नदिएको बाह्रदशी १ का पूर्व वडाध्यक्ष शम्भुसिंह राजवंशी बताउँछन् । जिल्लाको दक्षिण-पश्चिम भेगका निम्न आयस्रोत भएका गरिब जनताका छोराछोरीलाई आधारभूत शिक्षा उपलब्ध गराउनेतर्फ विद्यालय परिवार सधैं चिन्तित रह्यो । यसै क्रममा २०७५ सालदेखि प्रस्तावित माविका रुपमा विद्यालयमा कक्षा ९ को पठनपाठन सुरु गरियो । २०७६ सालमा यस विद्यालयका ४१ जना विद्यार्थीले पहिलो पटक कक्षा १० को एसईई परीक्षाको तयारी गरेका थिए ।
विद्यालयको नाममा विभिन्न दाताले दिएको कूल ५ बिघा १० कट्ठा ३ धुर जमिन छ । त्यहीँ जमिनमा विद्यालय रहेको छ । १ बिघा जमिन अन्धुवा खोलाले कटान गरी बगरमा परिणत गरेको छ । ३ बिघा १५ कट्ठा जमिन उचित व्यवस्थापनको अभावमा काँसघारीको रुपमा रहेको छ । विद्यालय परिसर रहेको जमिनमा ऐतिहासिक तथा पुरानो भागुडुब्बा बजार लाग्दै आएको छ । करिब १५ कट्ठा जमिनमा फैलिएको भागुडुब्बा बजारमा ५९ जनाले व्यापार व्यवसाय गर्दै आएका छन् । उनीहरुले एक धुरको बार्षिक ५० रुपैयाँका दरले विद्यालय व्यवस्थापन समितिलाई रकम बुझाउने गरेका छन् । बजार क्षेत्रमा रहेको जमिनमा बसेका पसलहरुबाट विद्यालयलाई बार्षिक आम्दानी हुने गरेको छ ।

# ०८४ मा झापा–१ बाट चुनाव लड्दिनँ : शर्मा

मेचीनगर(प्रस) । नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले ०८४ मा झापा क्षेत्र नं. १ बाट चुनाव नलड्ने बताएका छन् ।
नेपाली कांग्रेसको १०० दिने अभियानअन्तरगत आइतवार धुलाबारीस्थित अतिथि सदनमा क्षेत्रीय समितिले आयोजना गरेको क्षेत्रीय भेलालाई सम्बोधन गर्दै उनले त्यस्तो बताएका हुन् ।
उनले अबको ०८४ मा झापा क्षेत्र नं. १ बाट चुनाव नलड्ने र साथीहरुलाई चुनाव लड्नका लागि तयारी रहन अनुरोध गरेका छन् ।
'०८४ मा कांग्रेस एक्लै चुनाव लड्छ', झापा क्षेत्र नं. १ बाट प्रतिनिधि सभाका सांसदसमेत रहेका शर्माले भने-'अबको मिसन हिमालको चुचुरो र राजनीतिकको चुचुरो पुग्ने कोशिस गर्नेछु ।
०८४ का लागि भोट माग्ने होइन, पहिला भोट दिएकाहरुको ऋण तिर्नेमा लागिरहेको छु ।'

भर्खरै हिमालको बेस क्याम्प पुगेका सांसद शर्माले हिमालको चुचुरोसँगै राजनीतिकको चुचुरो पुग्ने अभिलासा

❖ बाँकी अन्तिम पृष्ठमा

## स्थानीय...

गर्दा सम्झौतामा उल्लेख भएबमोजिम वार्षिक मर्मतसम्भार खर्च उपलब्ध गराउँदा कार्यालयको वित्तीय स्रोत यत्तिकै खर्च भइरहेको छ । दीर्घकालीन महत्व राख्ने ठुला योजनामा खर्च गर्न रकमको अभाव हुने छ । कार्य सुरु नै नहुने सुनिश्चित नभएका ठाउँमा विभिन्न अध्ययन प्रतिवेदन तथा वातावरणीय अध्ययनमा खर्च भएमा त्यो लगानीसमेत जोखिममा पर्ने छ । अल्पकालीन सीमित व्यक्तिको लाभका लागि तत्काल अनुपयुक्त स्थान/क्षेत्रमा लगानी गर्दा त्यसले भविष्यमा वित्तीय जोखिम निम्त्याउन सक्छ ।

अन्त्यमा प्रत्येक स्थानीय तहले कार्यालयमा वित्तीय सुशासन कायम राख्न आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ पार्दै आन्तरिक लेखा परीक्षण र महालेखा परीक्षणको क्रममा प्राप्त सुझावलाई मनन गर्दै कैफियतलाई समेत सुधार गर्दै जानु पर्छ । अर्कोतर्फ नेपाल सरकारबाटै आधिकारिक विद्युतीय प्रणालीको विकास गरी सबै स्थानीय तहमा लागु गराउन सकेमा सफ्टवेयर खरिद र वार्षिक मर्मत शुल्कबापतको रकम अन्य प्रभावकारी कार्यमा खर्च गर्न सकिने थियो । सबै स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको कार्यसम्पादनमा बेरुजु र आन्तरिक राजस्व जस्ता विषयलाई समावेश गर्न सकिएमा वित्तीय सुशासन प्रमुख प्राथमिकतामा पर्ने थियो । खास गरी बजेट विनियोजन गर्दा नै विनियोजन कुशलता, उत्पादक र धैरै मानिस लाभान्वित हुने खालका कार्यक्रममा खर्चमा मितव्ययिता कायम गरी चुस्त र दुरुस्त प्रतिवेदन प्रणालीबाट मात्रै वित्तीय सुशासन कायम राख्दै समृद्ध पालिका निर्माण सकिन्छ ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६

विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** – आज शुभकार्यको चर्चा चल्नेछ । परिवारमा सुख सन्तोष छाउनेछ ।

**वृष** – वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । वस्त्र लाभ पनि हुनसक्छ ।

**मिथुन** – आज छोटो दुरीको लाभदायक यात्रा हुनेछ । राज्यबाट मान सम्मान मिल्नेछ ।

**कर्कट** – धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । वाहन सुख पनि मिल्नेछ ।

**सिंह** – आज स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ । अरुको लागि दौडधुप गर्नु पर्नेछ ।

**कन्या** – चोटपटक पनि लाग्न सक्छ । मन कमजोर रहन सक्छ ।

**तुला** – आज शुभकार्यमा सहभागिता जनाइने छ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ ।

**वृश्चिक** – पुँजी बजारमा सफलता मिल्ने छ । आर्थिक क्षेत्र राम्रै होला ।

**धनु** – आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ ।

**मकर** – आतिथ्यपूर्ण सम्मान पाइएला । वैदेशिक कार्य अघि बढ्नेछ ।

**कुम्भ** – मनमा हर्ष, उमङ्ग र उत्साह छाउला । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

**मिन** – कला र गलाको प्रभाव बढ्नेछ । दाम, इनाम र प्रतिष्ठा पनि कमाउने बेला छ ।